नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ५५३४११९, ५५११५३७, ५५१९५०१
फ्याक्स (९७७-१)-५५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२।८३
च. नं. :- १४९

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
२०५०

मितिः २०८२/११/२५

श्री श्वेत पुष ऊर्जा प्रा.लि.,
काठमाडौं, नेपाल।
फोन नः ९८४१७९०६११

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित माथिल्लो हुम्ला कर्णाली जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको निवेदन माथि कारबाही हुँदा यस विभागबाट अध्ययन भइरहेको हुम्ला कर्णाली क्यास्केड जलविद्युत आयोजनाको क्षेत्र भित्र आयोजना प्रस्ताव भएको तथा उक्त क्षेत्र भित्र सोही श्रोत उपयोग हुने गरी हुम्ला कर्णाली जलविद्युत आयोजना एवं हुम्ला कर्णाली क्यासकेड आयोजना (HK1 र HK2) आयोजना पहिचान गरी अध्ययन भइरहेको एवं बाँकी क्षेत्रमा पनि आयोजना विकास गर्न सकिने सम्भावना रहेको तथा उक्त क्षेत्र विभागबाट खालि वा आवश्यक नरहेको भनि निर्णय नभएको हुनाले हालको अवस्थामा उक्त क्षेत्र यस विभागलाई नै आवश्यक रहेकोले एवं हुम्ला कर्णाली क्यासकेड (HK1 र HK2) आयोजनाको अध्ययन सम्पन्न भइनसकेको हुनाले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा ११ बमोजिम यस दरखास्त उपर हाल कारबाही अगाडि बढाउन उपयुक्त नहुने देखि दरखास्त रद्द गरिएको व्यहोरा यस विभागको मिति २०८२/११/१९ गतेको निर्णायानुसार जानकारी गराइन्छ।

साथै विद्युत आयोजनाको अनुमतिपत्र सम्वन्धी निर्देशिका, २०७५ को दफा २७ बमोजिम एक वर्ष भित्रै धरौटी फिर्ता लिन आउन हुन समेत सोहि निर्णायानुसार जानकारी गराइन्छ।

(सुजन निरौला)
इन्जिनियर